का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ९४
❐ ११ जेठ २०७७, आइतबार
❐ 24 May 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेटः शनिबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ५८४ जना | ७० जना | ४५९५९ | ५११ | ३ जना |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५३ लाख ४० हजार | २१ लाख ७८ हजार | ३ लाख ४१ हजार | २८ लाख २१ हजार |




# संघलाई पछ्याउँदै प्रदेश

संघीय सरकारले आगामी १५ जेठमा नीति तथा कार्यक्रम ल्याउँदैछ । त्यस बीच सातै प्रदेशले पनि नीति तथा कार्यक्रम ल्याइरहँदा सबै प्रदेशले संघकै प्राथमिकतालाई पछ्याएका छन् ।

## प्रदेशहरूको प्राथमिकता

- उत्पादकत्व बढाउन कृषि क्षेत्रमा विशेष जोड
- महामारी नियन्त्रण तथा जनस्वास्थ्यको रक्षामा केन्द्रीत
- प्रादेशिक गौरवका आयोजनालाई निरन्तरता
- रोजगार अभिबृद्धि गरी समृद्ध समाज निर्माण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० जेठ ।

संघीय सरकारले आगामी १५ जेठमा नीति तथा कार्यक्रम ल्याउँदैछ । कोभिड महामारीका कारण सूचना टाँस गरी स्थगित भएको अधिवेशन गएको वैशाख २६ गते देखि सञ्चालनमा आएको छ । महाकारीकै कारण यसपटक वैशाख २८ र २९ मात्रै प्रि बजेट छलफल राखिएको थियो । जेठ २ गते राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन् ।

उक्त नीति तथा कार्यक्रममा छलफल सकिए पछि प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिए । यसपटक नीति तथा कार्यक्रममै नेपालको नयाँ नक्सा सार्वजनिक गर्ने कार्यक्रम राखिएकाले बजेटबारे छलफल केही ओझेलमा परेको छ । तर, सरकारले यसपटक स्वास्थ्य, शिक्षा र रोजगार प्राथमिकतामा राखेर बजेट ल्याउने नीति तथा कार्यक्रम मार्फत् प्रष्ट पारेको छ । विज्ञहरुले पनि यसपटक स्वास्थ्य, कृषि र रोजगारमै जोड दिन आग्रह गरेका छन् ।

त्यस बीच सातै प्रदेशले पनि नीति तथा कार्यक्रम ल्याइरहँदा सबै प्रदेशले संघकै प्राथमिकतालाई पछ्याएका छन् । प्रदेश-५ सरकारले शनिबार नीति तथा कार्यक्रम ल्याएको छ ।

प्रदेश प्रमुख धर्मनाथ यादवले नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । नीति तथा कार्यक्रमले कोरोनाका कारण बजेटको स्वरुप नै परिवर्तन गनुपर्ने बताएका छन् । प्रदेश प्रमुख यादवद्वारा प्रस्तुत गरेको निति तथा कार्यक्रममा संघीय सरकारकै जस्तो कृषिलाई जोड दिइने उल्लेख गरिएको छ । महामारीका कारण परेको असर न्यूनीकरण गर्न कृषिलाई उच्च प्राथमिकतामा राखिएको नीति तथा कार्यक्रममा उल्लेख छ ।



नियमित आम्दानी हुने तथा नाफा मुलक क्षेत्रमा लगानी गरिने प्रदेश सरकारले घोषणा गरेको छ । "स्वदेशी श्रम स्वदेशमै पसिना' तथा कृषिको उत्पादन बृद्धिको लक्ष्य नीति तथा कार्यक्रमले लिएको छ । कृषि उत्पादकत्व र किसानको आयमा बृद्धि गर्ने गरी स्मार्ट कृषि गाउँ कार्यक्रममा सबै स्थानीय तहमा विस्तार गरिने उल्लेखछ", नीति तथा कार्यक्रममा उल्लेख छ ।

कृषि पेसा सम्मानजनक बनाउन किसान सम्मान गरिने तथा पूर्णकालीन किसान पहिचान गरिने कार्यक्रम घोषणा गरिएको छ । कृषि क्षेत्रमा लाग्नेलाई सहुलियत दिइने पनि प्रदेश सरकारले उल्लेख गरेको छ । पशु स्वास्थ्यको संरक्षण र सम्वर्द्धन पशु नश्ल सुधारका कार्यक्रम सञ्चालन गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । केही नयाँ कार्यक्रम आए पनि धेरै जसो प्राथमिकता र कार्यक्रम भने संघीय नीति तथा कार्यक्रमसँग मिल्दोजुल्दो छ ।

अन्य प्रदेशले पनि नीति तथा कार्यक्रम ल्याउने अन्तिम तयारी गरेका छन् । गण्डकी प्रदेशसभाको आइतबारका लागि आह्वान गरिएको बर्खे अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि सामाजिक दूरी कायम गर्दै आवश्यक सुरक्षाका उपाय अवलम्बन गरी पोखरा सभागृहमा अधिवेशन हुन लागेको हो ।

यसअघि पोखरा महानगरपालिका-३ नदीपुर स्थित प्रदेशसभा भवनमा पाँचौं अधिवेशन सम्पन्न भएको थियो । हालको प्रदेशसभा भवन साँघुरो भएका कारणले आवश्यक सामाजिक दूरी कायम गर्न नसकिने भएपछि सरकारले पहिलो पटक सभागृहमा सदनको छैटौं अधिवेशन सञ्चालन गर्ने निर्णय गरेको हो । प्रदेशसभामा ६० सदस्य छन् ।

आइतबार दिनको १:०० बजेका लागि बोलाइएको बैठकमा प्रदेश प्रमुख अमिक शेरचनले अधिवेशन आह्वानका लागि संसद् सचिवालयमा पठाएको पत्रका बारेमा सभामुख नेत्रनाथ अधिकारीले सदनलाई जानकारी गराउनुहुने कार्यसूची छ । बाँकी पृष्ठ २ मा

# जसपालाई अप्ठ्यारो

लिम्पियाधुरा सहितको भूगोल समेटिएको नेपालको नयाँ नक्साबारे विधेयक संसदमा दर्ता भएको छ । नेकपा नेतृत्वको सरकारले पेश गरेको विधेयकले मधेश केन्द्रीत दल जनता समाजवादी पार्टी भने अप्ठ्यारोमा परेको देखिन्छ ।








**मध्यान्ह संवाददाता**
काठमाडौं, १० जेठ ।

केही वर्ष अगाडिसम्म दर्जन बढी रहेको नेताहरु अहिले एउटै दलमा आवद्ध छन्, जनता समाजवादी पार्टीमा । गएको वैशाख ८ गते मात्रै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्व सरकारले दल विभाजन सम्बन्ध अध्यादेश ल्याएपछि राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टी नेपाल बीच एकीकरण भइ जनता समाजवादी पार्टी बनेको हो । २०७४ को निर्वाचन अगाडि यी पार्टीहरु नौ वटा थिए । जनता समाजवादी पार्टी विभन्न ६ दल मिलेर बन्यो भने तीन दल मिलेर समाजवादी पार्टी, नेपाल बनेको थियो ।

सरकारले ल्याएको अध्यादेश हप्ता दिन टिकेन । तर, नौ पार्टीका अध्यक्षहरु एउटै दलमा आवद्ध हुने अवसर मिल्यो । तर, यी सबै दलको माग भने समान छन् । अर्थात्, यी सबै नेताहरुले संविधान संशोधनको माग गर्दै आएका छन् ।

र, सरकारले पनि संविधान संशोधनको तयारी अगाडि बढाएको छ । शुक्रबार मात्रै संघीय संसद सचिवालयमा संविधानको दोस्रो संशोधन विधेयक दर्ता गराएको छ । जेठ १३ गते बस्ने संसद बैठकमा यो विधेयक पारित गर्ने सरकारी तयारी छ । सरकारले लिम्पियाधुरा सहितको भूगोल समेटिएको नेपालको नयाँ नक्साबारे विधेयक संसदमा दर्ता गरेको हो । तर, नेकपा नेतृत्वको सरकारले पेश गरेको विधेयकले मधेश केन्द्रीत दल जनता समाजवादी पार्टी भने अप्ठ्यारोमा परेको देखिन्छ ।

किनभने, जसपाका नेताहरु संविधान संशोधनमा आफ्नै अजेण्डामा अडिग थिए । उक्त दलका नेताहरु बाबुराम भट्टराई लगायतले सरकारी निर्णयमा गरेको टिप्पणीका कारण विवादित बनेका छन् । अर्कोतिर, वैशाख ३१ गते प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारमा बोलाएको सर्वदलीय बाँकी पृष्ठ २ मा

### झन् राहत चाहिने बेला

# राहत बाँड्नेहरू नै हराए

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० जेठ

कोरोना भाइरस (कोभिड-१९) संक्रमण दिनप्रतिदिन बढ्ने तर सहयोग तथा राहत दिने सहयोगी हातहरु पछाडि सर्दै जाने प्रवृत्तिले विदेशमा रहेका नेपाली कामदाहरुको मन अत्तालिन थालेको छ । शुरुमा कोरोना सिर्जित जटिल परिस्थितिबाट पीडितहरुलाई सहयोग गर्ने गैर आवासीय नेपाली तथा विभिन्न मुलुकमा रहेका नेपालीहरुका संस्थाहरु संक्रमितको संख्या बढ्न थालेपछि 'आफ्नो सुरक्षा पहिले' भन्ने मान्यता राख्दै राहत र सहयोगमा पछि हट्न थालेपछि बेसाहरा हुने चिन्ताले नेपाली कामदारहरु भयवित हुन थालेको बताइएको छ ।

करिब ४ लाख नेपाली रहेको कतारमा कोरोना भाइरसबाट संक्रमित हुने नेपाली कामदारको सख्या शनिबारसम्म ७ हजारको हाराहारीमा देखिएको छ । १९ जनाको मृत्यु भएको कतारमा एकजना नेपाली परेका छन् । कोरोना संक्रमित हुने नेपालीको संख्या कतारमा भारतपछि दोश्रो ठूलो देखिएको छ । साँगुरो वासस्थानका कारण संक्रमण बढेको गुनासो नेपालीको छ । तर त्यसको सुनुवाई हुन सकेको छेन ।

कतारले विदेशी नागरिकलाई आफ्ना नागरिकसँग कुनै भेदभाव नगरेका कारण उपचारकाबारेमा चिन्ता नभएपनि बढ्दो संक्रमण र तत्काल उद्धार नगर्ने नेपाल सरकारको परिस्थिथितिका कारण कामदारहरुको मनोबल घट्दो अवस्थामा रहेका बताइएको छ ।

कुवेतमा रहेका पीडित नेपालीहरुको अवस्था थप संवेदनशील रहेको बताइएको छ । शुक्रबारसम्म त्यहाँ १ सय ५० नेपाली संक्रमित भएको बाहिर आएको छ । कम उमेरकालाई कम संक्रमण गर्ने र मृत्यु बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### दूतावासको फोनमा आउन थाले गालीगलौज

**काठमाडौं/मस-** कुवेत सरकारले घोषणा गरेको आममाफी कार्यक्रममा सहभागी भएर सिधै घर फर्किन पाइने बुझेर आममाफीमा समावेश भएर सेल्टर छिरेका करिब २५ सय नेपालीको अवस्था कष्टकर बनेको बताइएको छ । अप्रिल २७ तारेखदेखि सेल्टर छिरेका नेपालीको सेल्टरको बास एक महिना पुग्न थालेको छ । यतिखेर उनीहरु घर जान पाउँ भन्दै हार गुहार गरिरहेका छन् ।

आफु रहेको मुलुकमा कोरोना भाइरसको संक्रमण बढ्दै गएको र तत्काल उद्धार गर्नुपर्ने नेपाल सरकारले क्वारेन्टाइन व्यवस्थापन गर्न नसकिने भन्दै उद्धार गर्न नसकिने धारणा सार्वजनिक गरेपछि त्यसको दवाब विदेशस्थित नेपाली नियोगहरुमा पर्न थालको छ ।

साउदी अरबको रियादस्थित नेपाली दूतावासका एक कर्मचारीका अनुसार कम्पनीमा तोकिएको तलव सुविधा पाउन नसक्ने नेपालीको संख्या बढ्दै गएको छ । कम्पनीमा मालिकको दवाब, बाँकी पृष्ठ २ मा

### कतारमा तलव रोक्ने कम्पनीलाई कारबाही

**काठमाडौं/मस-** कतारको प्रशासनिक तथा सामाजिक मन्त्रालयले कोरोना भाइरस (कोभिड-१९) को कारण देखाउँदै तलव नदिने एक कम्पनीलाई कारबाही गरेको छ । कतारको मिशरिबको एक निर्माण कम्पनीले तलव नदिएको भन्दै मजदुरहरु हडतालमा उत्रिएपछि मन्त्रालयले तत्काल स्थलगत अनुगमन गरी कम्पनीलाई कारबाही गरेको कतार न्युज एजेन्सीले जनाएको छ ।

मन्त्रालयको अनुगमनपछि कम्पनीले कामदारको तलव तत्काल दिने बताएको छ । मन्त्रालयले उक्त कम्पनीलाई कतारले घोषणा बाँकी पृष्ठ २ मा

# नरैनापुरमा सय नाघ्यो संक्रमित

**मध्यान्ह सम्वाददाता**
बााके, १० जेठ ।

देशका ४० जिल्लामा कोभिड महामारीको संक्रमण देखिएको छ । सातै प्रदेशमा महामारीबाट शनिबार साँझसम्म देशभर ५८४ जना संक्रमित पुष्टि भएको छ । त्यस मध्ये तीन जनाको मृत्यु भएको छ ।

महामारीबाट सवैभन्दा बढी प्रदेश-५ संक्रमित देखिएका छन् । मन्त्रालयका अनुसार प्रदेश नं १ मा ८६, प्रदेश नं २ मा १७२, वाग्मती प्रदेशमा ३२ जना सङ्क्रमित भएका छन् । गण्डकी प्रदेशमा पाँच, प्रदेश नं ५ मा २७१, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा १४ जना सङ्क्रमित भएका छन् ।

त्यसमा पनि बाँकेको नरैनापुर बढी प्रभावित बनेको छ । नरैनापुर गाउँपालिकामा एक जनाको ज्यान जानाका साथै ११३ जनामा कोरोना सङ्क्रमण देखिएको छ । शनिबार मात्रै २७ जना सङ्क्रमित थपिएका छन् । भेरी अस्पताल, नेपालगञ्जमा चाप बढेपछि दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोरोना प्रयोगशालामा पठाइएको नमूनाको परीक्षणमा बाँकेको नरैनापुरका २७ जनामा शनिबार कोरोना सङ्क्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले बताए ।

उनका अनुसार, नरैनापुरको मदरसा क्वारेन्टिनमा रहेका ६, नरैनापुर-३ को नेराप्रावि क्वारेन्टिनमा बसेका १५ र नरैनापुर-१ को नेराप्रावि क्वारेन्टिनमा बसेका ६ गरी २७ जनामा शनिबार कोरोना पुष्टि भएको छ । यससहित नरैनापुरमा मात्रै ११३ जनामा कोरोना देखिएको छ । त्यहाँ एक जनाको मृत्यु भएको छ ।

नेपालगञ्जदेखि करीब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारि भारतीय सीमासँग जोडिएको नरैनापुरमा पहिलो पटक भारतबाट आएका आठ जनामा यही जेठ २ गते कोरोना सङ्क्रमण देखिएको नरैनापुरमा एक हप्ताभित्र एक जनाको ज्यान जाने गरी सङ्क्रमितको सङ्ख्या ८७ पुगेको थियो । शनिबार १७ जना थप भएको छ ।

ठूलो सङ्ख्यामा सङ्क्रमित भेटिएपछि जेठ ५ गतेदेखि नरैनापुर गाउँपालिकालाई पूर्ण रुपमा सिल गरी सतर्कता अपनाइएको छ तर सङ्क्रमण रोकिएको छैन । यससँगै जिल्लामा १४२ जनामा कोरोना संक्रमण भएको छ भने २१ जना निको भएर घर फर्किसकेका छन् ।

### लापार्वाहीले संक्रमण

नरैनापुरमा स्थानीयवासीको लापर्वाहीले कोरोना सङ्क्रमण बढ्दै गएको छ । बाँकी पृष्ठ २ मा

# भ्रष्टाचारमा संलग्न सैनिक अधिकारीहरूमाथि कारबाही



**काठमाडौं/मस–** नेपाली सेनाले संगठनभित्र विभिन्न भ्रष्टाचारका घटनामा संलग्न भएको आरोपमा उच्च तहका सैनिक अधिकृतसहितका पदाधिकारीलाई कारवाही र अनुसन्धानको दायरामा ल्याएको छ। प्रधानसेनापति पूर्णचन्द्र थापाले संगठनमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति कार्यान्वयनमा कडाइ गरेपछि उनीहरुलाई अनुसन्धान र कारवाहीको दायरामा तानिएको हो।

सोही क्रममा समरी जनरल सैनिक अदालतले सैनिक आवासीय महाविद्यालय भक्तपुरमा कार्यरत रहँदा सम्पत्ति, अनुशासन र आचरणसम्बन्धी कसुर गरेको अभियोगमा तीन अधिकृतसहित पाँच जनालाई दोषी ठहऱ्याइ कारवाही गरेको छ। सैनिक कल्याणकारी कोषको लगानीमा सञ्चालित उक्त महाविद्यालयमा आर्थिक अनियमितता छानविन गर्न सहायक रथीको अध्यक्षतामा गठित कोर्ट अफ इन्क्वायरी बोर्ड गठन भएकामा उसले दिएको प्रतिवेदनको आधारमा समरी जनरल सैनिक अदालतले उनीहरुलाई दोषी ठहर गरेको थियो।

उक्त महाविद्यालयका तत्कालीन सम्पर्क अधिकृत महासेनानी भुपालमान अधिकारीसहित १८ जनाको मुद्दा पुर्पक्ष गर्न उपरथीको अध्यक्षतामा गठित अदालतले शुक्रबार फैसला गरेको हो। अदालतले महासेनानी अधिकारीले गैरकानूनीरूपमा सम्पति उपार्जन गरेको ठहर गर्दै रु एक करोड ८५ लाख ४० हजार असुलउपर गर्ने निर्णय सुनाएको छ।

प्रमुख सेनानी देवबहादुर क्षेत्रीले पनि आर्थिक अनियमितता गरेको ठहर गर्दै अदालतले दुई वर्ष बढुवा रोक्का गरी निजबाट रु चार लाख ४० हजार असुलउपर गर्ने निर्णय भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। अदालतले हुद्दा यज्ञराज पोखरेलाई सेवाबाट बर्खास्त गरी अनियमित भएको रु तीन लाख ६० हजार असुलउपर गर्ने फैसला गरेको छ।

त्यस्तै हुद्दा गणेशबहादुर अधिकारीले आर्थिक अनियमितता गरेको अभियोगमा दोषी ठहऱ्याइ अदालतले दुई वर्ष तलब वृद्धि र ग्रेड रोक्का गरी रु १० हजार असुलउपर गर्ने निर्णय गरेको हो। अदालतले सहसेनानी सुरेन्द्रविक्रम भण्डारीलाई आर्थिक कार्यमा कानूनी प्रक्रिया अवलम्वन नगरेको ठहर गर्दै नसिहत दिने निर्णय सुनाएको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार सोही मुद्दामा १३ जनाले अभियोगबाट सफाइ पाएका छन्।

सेनाले पारदर्शिता र जवाफदेहिता कायम गर्न तथा दण्डहीनता अन्त्यका लागि सेनाले अनुशासन र आचरण विपरीत गर्नेमाथि छानविनको दायरा बढाएको जनाएको छ। यसैबीच भ्रष्टाचार कार्यमा संलग्न भएकै आरोपमा सेनाले सहायकरथी प्रयोगजङ्ग राणालाई पनि अनुसन्धानको दायरामा ल्याएको जानकारी प्राप्त भएको छ।

यसैबीच सैनिक मुख्यालयले बलाधिकृतरथी शरद गिरी, उपरथी झङ्कर कडायत र आनन्द अधिकारीको अध्यक्षता बेग्लाबेग्लै कोर्ट अफ इन्क्वायरी बोर्ड गठन गरी विभिन्न घटनामा भ्रष्टाचार र अनियमितत‌को आरोप लागेकामाथि अनुसन्धान र छानविन गरिरहेको थाहा भएको छ। संगठनभित्र आर्थिक अनियमितताको अभियोग खेप्नुपर्ने आशंका गरेर केही उच्च सैनिक अधिकृतले राजीनामा दिएर घर बसे पनि उनीहरुलाई अनुसन्धानको दायरामा ल्याएर छानविन भइरहेको जानकारी प्राप्त भएको छ।

# 'घरमै बसेर नमाज पढौं'



**काठमाडौं/मस–** राष्ट्रिय मुस्लिम आयोगले सरकारले जारी राखेको 'लकडाउन'लाई अक्षरशः पारित गर्दै घरभित्रै बसेर ईदुउल फित्रका अवसरमा नमाज पढ्न आग्रह गरेको छ। आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कोरोना भाइरसको जोखिम बढ्दै गएकाले घरमै बसेर ईदको नमाज पढ्न आग्रह गरेका हुन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा शनिबार आयोजित नियमित पत्रकार सम्मेलनमा सहभागी भएर अध्यक्ष अन्सारीले सामूहिकरुपमा नमाज पढ्दा कोरोना संक्रमण हुने जोखिम बढी भएकाले घरमै बस्न आग्रह गरेका हुन्।

रमजान महिनाको अन्त्यमा मनाइने प्रमुख पर्व ईदुउल फित्रका दिन मस्जिदमा गई सामूहिक नमाज पढ्ने प्रचलन मुसलमान समुदायमा रहेको छ। रमजानको शुरुका दिनमा पनि आयोगले कोरोना भाइरस संक्रमणको जोखिमलाई मध्यनजर गर्दै घरमै बसेर नमाज पढन् अनुरोध गरेको थियो।

सबै नागरिकको सुरक्षाका लागि आफ्नो खुशी त्यागेर भए पनि घरमै बसेर नमाज पढ्न उनले आग्रह मात्रै गरेनन् विपद्को समयमा सरकारको अनुरोधलाई पूर्णरुपमा पालना गर्नसमेत ध्यानाकर्षण गराए।

उनले ईदको नमाज पढेपछि छरछिमेकमा पुगी एकअर्कामा शुभकामना आदानप्रदान नगर्न अनुरोध गर्दै देशको कुनै पनि ठाउँबाट शनिबार राति चन्द्रमा देखिए आइतबार ईदु-उल-फित्र मनाउने नभए सोमबार मात्रै ईदुउल फित्रको नमाज आदा गरिने जानकारी दिए।

इस्लाम धर्मावलम्बीले रमजान महिनामा दिनभर निराहार वर्त अर्थात् रोजा (उपवास) बसेर नमाज पढछन्। रमजानको अन्तिम दिन इदउल फित्र नमाज आदा गरेपछि एक महिना लामो उपवास तोडिने विश्वास छ। आइतबार रमजान महिनाको अन्तिम (३० औं) दिन हो।

# प्यूठानमा भारतबाट आएका ८ सय भित्रिए

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, १० जेठ

कोरोना भाइरस (कोभिड-१९)का संक्रमित तथा लकडाउन निरन्तर थपिँदै गएपछि रोजगारीको सिलसिलामा भारतमा पुगेका हजारौं नेपाली घर फर्किन थालेका छन्। अहिले दैनिक हजारौं नेपाली नाकासम्म आएर बस्ने गरेका छन्। कोरोना भाइरसको महामारी फैलिरहेकै समयमा भारत सरकारले रेल सेवा सञ्चालन गर्न अनुमति दिएपछि रोजगारिको सिलसिलामा भारतमा गएका नेपालीहरु घर फर्किन थालेका हुन्।

भारतका विभिन्न सहरबाट नेपाल फर्किएकाहरुको चाप अहिले सीमानाकामा थेगिनसक्नु छ। भारतवाट विभिन्न माध्यममा नेपाल फर्किएकाहरुलाई सिमानाकै क्वारेनटाइनमा राख्ने व्यवस्था छ। तर प्यूठानका स्थानीय तहहरुले भने सीमामा आएका आफ्ना नागरिकहरुलाई जिल्ला ल्याउन थालेका छन्। भारतका विभिन्न ठाउँबाट सीमावर्ती क्षेत्रमा आई रोकिएका करिब ८ सय प्यूठानीलाई अहिलेसम्म जिल्ला भित्र्याइएको छ। जिल्लाका नौवटै स्थानिय तहहरुले अलपत्र परेका नागरीकलाई उद्धार गरीरहेका छन्। स्थानीय तहले बिहीबार र शुक्रबार गरी ७ सय ९६जनालाई जिल्मा ल्याएका छन्।

ऐरावती गाउपालीकामा सबैभन्दा बढी २०३, नौबहिनीका ३३, माण्डवीका १२५, मल्लरानीका ५५, गौमुखीका चार, सरुमारानीका ११५ र झिमरुक गाउँपालिकाका ६० जना छन्। त्यसैगरी, स्वर्गद्वारी गाउँपालिकाका १७७ र प्यूठान नगरपालिकाका १२४ जनालाई स्थानीय तहले सीमाबाटै उद्धार गरी स्थानीय तहका ल्याएर क्वारेन्टाइनमा राखेका छन्।

नाकामा व्यवस्थापन गर्न नसक्दा भारतसँग सीमा जोडिएका जिल्लाहरुले पहाडी जिल्लासँग नागरीकको उद्धार गर्न आग्रह गरेपछि जिल्लामा ल्याउन थालिएको जिल्ला समन्वय समिति प्यूठानका उपप्रमुख पदम थापाले बताए। भारतबाट आएकाहरुलाई सुरक्षित क्वारेनटाइनमा राख्ने व्यवस्था सीमा क्षेत्रका जिल्लाहरुमा छ। उनले भने, 'तर पछिल्लो समय स्वदेश फर्किने मानिसको चाप बढेपछि भारतसँग सीमा जोडिएका जिल्लाहरुलाई क्वारेन्टाइन व्यवस्थापन गर्न हम्मेहम्मे परेको छ।' यसरी क्वारेन्टाइनको व्यवस्थापन नहुँदा नागरिकहरु विभिन्न नाका तथा चोर बाटो हुँदै लुकिछिपि गाउँ फर्किन थालेपछि कोरोनाको डर बढ्न सक्ने भएकाले स्थानीय तहहरुसँग समन्वय गरी ल्याउन थालेको उनले बताए।

भारतीय नाकामा आइपुगेका प्यूठानीहरुलाई उद्धार गर्नका लागि जिल्लाका स्थानीय तहले फोहोरका गाडी र टिप्परमा आफ्ना नागरीकहरुलाई ल्याइरहेका छन्। यसले थप असुरक्षित बनाएको टिप्पणी भइरहेको छ। जिल्लाका यातायात व्यवसायी, स्थानीय सरकार र प्रशासनबीच प्रभावकारी समन्वय नभएको देखिएको छ। बसहरु जान नमान्दा फोहोर बोक्ने गाडी भएपनि पठाउन बाध्य भएको प्यूठान नगरपालिका मेयर अर्जुनकुमार कक्षपतीले बताए। 'कति गाडी खोज्यौं कसैले जान मान्दैनन्', उनले भने, 'समितिसँग संस्थागत कुरा त भएको छैन। व्यक्तिगत रुपमा गाडी खोज्दा कोही जान तयार भएनन्।' उनले यसबारे छलफल गर्न नगरपालिकामा वैठक बस्ने समेत जानकारी दिए।

'गाडी चालकलाई पीपीई सेट दिएर सुरक्षित महसुस गराउनसके गाडी पठाउँछौं', स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समिति प्यूठानका महासचिव कुमार श्रेष्ठले भने, 'तर अहिलेसम्म कसैले पनि गाडी चाहियो भनेका छैनन्।' उनले जिल्लावासीलाई ल्याउनका लागि गाडी परिचालन गर्न समिति तयार रहेको समेत उल्लेख गरे।

नगर एवं गाउँपालिकाले स्थापना गरेको राहत कोषबाट भाडा तिर्ने गरी नागरिकको उद्धार गरिएको जनप्रतिनिधिहरुले बताएका छन्। ऐरावती गाउँपालिका अध्यक्ष नबिल विक्रम शाहले कार्यपालिका बैठकको निर्णय अनुसार अलपत्र परेका आफ्ना नागरिकको उद्धार गर्न थालिएको जानकारी दिए। 'अलपत्र पर्यौं भनेर हाम्रो सम्पर्कमा आए जतिलाई उद्धार गरिरहेका छौं,' उनले भने, '१४ दिन क्वारेन्टाइनमा राखी परीक्षणपछि मात्रै घर पठाउने छौं।' अध्यक्ष शाहले अगाडि भने, 'तर स्थानीय तहले उद्धार गर्दा गर्दैपनि अन्य नाका र चोर बाटो हुँदै आएका नागरिकको संख्या बढी हुँदा व्यवस्थापनमा चुनौती भएको छ।'

दैनिक हजारौं नेपालीहरु भारतबाट आइरहेका छन्। उनीहरुले असुरक्षित यात्रा गर्दै आउने र भीडभाड गर्ने भएकाले नेपालमा पनि कोरोनाको संक्रमण बढ्दै गएको छ। सरकारले यसरी फर्किनेहरुलाई सुरक्षित रुपमा क्वारेन्टाइनमा बस्न बारम्बार आग्रह गरे पनि भारतबाट असुरक्षित रुपमा जिल्लाबासी भित्रिएपछि थप जोखिम बढ्नसक्ने स्थानीयले गुनासो गरेका छन्। पछिल्लो समय स्थानीय तहले संकलन गरेको तथ्यांक अनुसार प्यूठानबाट रोजगारीका लागी भारत गएका नागरिकहरुको संख्या झण्डै ३७ हजार छ। घर फर्काउने प्रतिश्पर्धा भन्दा उनीहरुहरुको सुरक्षा र समुदायलाई सुरक्षित राख्न स्वदेश फर्किएकाहरुको उच्च सतर्कतासँगै व्यवस्थापनमा स्थानीय तहहरुले चासो दिनुपर्ने स्थानीयको सुझाव छ।

# अध्यक्ष दाहाललाई नेपालको अद्यावधिक नक्सा हस्तान्तरण



**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई सरकारका तर्फबाट नेपालको अद्यावधिक नक्सा हस्तान्तरण गरिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले शनिबार अध्यक्ष दाहाललाई लिम्पियाधुरा, लिपुलेक र कालापानी समावेश गरिएको नक्सा हस्तान्तरण गरिन्। मन्त्री अर्यालले दाहाल निवास खुमलटार पुगेर नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा प्रदान गरेकी हुन्।

सो अवसरमा अध्यक्ष दाहालले नक्सा तयार पार्न खट्ने मन्त्रीसहित मन्त्रालयका सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिएका थिए। मन्त्री अर्यालले आफूहरु नक्सा प्रकाशनको तयारी अवस्थामा नै रहेको र त्यसका लागि पार्टी र सरकारको निर्देशनको पखाईमा रहेको स्पष्ट पारेकी थिइन्। सो अवसरमा मन्त्रालयका सचिव, नापी विभागका महानिर्देशक, उपमहानिर्देशकलगायतको उपस्थिति रहेको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ।

# झुलाघाटमा 'बिओपी'




**बैतडी/मस–** नेपाल-भारत सीमानाका बैतडीको झुलाघाटमा पहिलोपटक सशस्त्र प्रहरीको सीमा निगरानी चौकी (बिओपी) स्थापना भएको छ। सुदूरपश्चिम सशस्त्र प्रहरी नायब महानिरीक्षक हरिशङ्कर बुढाथाकीले सो बिओपीको शनिबार उद्घाटन गर्दै यसबाट सीमा निगरानी हुने बताए। बिओपी स्थापना भएपछि सीमा निगरानी, राजश्व संकलनमा वृद्धि तथा सबैखाले सीमा आपराधिक क्रियाकलाप नियन्त्रण हुने विश्वास गरिएको छ।

सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा बिओपी बस्ने भए पनि हाल सशस्त्र प्रहरी नायब निरीक्षकको नेतृत्वमा टोली बसेको छ। आफ्नो भवन नहुँदा बिओपी अहिले घर भाडामा लिएर बसेको सशस्त्र प्रहरीको नम्बर ५१ गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक अमित सिंहले जानकारी दिए। हाललाई भाडाको घरमा बस्ने भए पनि जग्गा प्राप्तिको प्रक्रियामा रहेकाले निकट भविष्यमै आफ्नो भवनमा बस्ने जनाइएको छ।

बैतडीका पञ्चेश्वर गाउँपालिकाको रोलघाटमा बिओपी स्थापना हुने भनिए पनि उक्त क्षेत्रमा हाल पोष्ट खडा गरिएको छ। पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको सुरक्षार्थ स्थापना गरिएको पोष्टलाई नै निकट भविष्यमा त्यसलाई नै बिओपीमा रुपान्तरण गरिने जनाइएको छ। पञ्चेश्वरमा पनि जग्गा प्राप्तिको प्रक्रियामा रहेको सशस्त्र प्रहरीको नं ५१ गुल्म बैतडीले जनाएको छ। बिओपीमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा ३५ जनाको टोली रहने जनाइएको छ।

अब सीमा सुरक्षाका लागि सजिलो हुने प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले बताए। बैतडीमा भारतसँग सीमा जोडिएको ६१ किलोमिटर क्षेत्र रहेको छ। सरकारले सशस्त्र प्रहरी बललाई देशभरिका भारतसँग सीमा जोडिएका क्षेत्रमा खटाइसकेको छ। सीमा परिचालन गरिएका सशस्त्र प्रहरीलाई स्थायीरूपमा बिओपी स्थापना गरी परिचालन गर्न लागेको हो। हाल सीमामा देशभरि १२१ बिओपी रहेका छन् भने सरकारले भारतसँग सीमा जोडिएका क्षेत्रमा ५०० पुऱ्याउने तयारी गरेको जनाइएको छ।

नेपालतर्फको सीमानाकामा भारतको ५३० बिओपी रहेको बताइएको छ। नेपाल सरकारले पनि सोही अनुपातमा बिओपी थप्ने तयारी गरेको हो। कोरोनाको जोखिम हुन नदिन सीमा सिलपछि विस्तार गरिएका अस्थायी पोष्टलाई बिओपीमा रुपान्तरण गर्ने सरकारी तयारी रहेको जनाइएको छ।

## संघलाई ...

कार्यव्यवस्था परामर्श समितिको बैठकअनुसार सदनमा प्रतिनिधित्व गर्ने नेपाल कम्युनिष्ट पार्टी(नेकपा), नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा र राष्ट्रिय समाजवादी जनता पार्टीका संसदीय दलका नेताले समसामयिक विषयका साथै अधिवेशन सफलताको शुभकामना व्यक्त गर्नुहुने सभामुख अधिकारीले जानकारी दिए।

## जसपालाई...

बैठकमा जसपाले नयाँ नक्सा जारी गर्न सहमति जनाएका थिए। तर, त्यस बेला जसपाका नेताहरु नेपालको नयाँ नक्सा जारी हुनेमा विश्वस्त थिएनन्। जसपाका नेताहरुको उक्त आँकलन बिपरीत प्रधानमन्त्री ओलीले नयाँ नक्सा जारी गरिदिए। यसले जसपालाई संविधान संशोधनको पक्षमा उभिने अर्थात् विपक्षमा उभिने भन्नेमा नैतिक संकट देखिन्छ।

शनिबार नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग जसपाका नेताहरुले भेटवार्ता गर्नुले पनि त्यसको संकेत गर्छ। सभापति देउवासँग संविधानको अनुसूची ३ सँगै आफ्नो मागहरु बारे समेत समेट्न पहल गरिदिन आग्रह गरे। यस्तो सभापति देउवाले ओठे प्रतिबद्धता जनाए पनि काँग्रेस जसपाको अजेण्डा भन्दा पनि यतिबेला सरकारकै अजेण्डामा उभिने प्रष्ट छ। अर्थात्, जसपालाई मुलुकको सीमा जस्तो संवेदनशील विषयमा सरकारले चालेको कदमबारे अन्योल उत्पन्न भएको देखिन्छ।

## झन् ...

पनि कम हुने बताइएपनि एक ३७ वर्षे युवकको कोरोना भाइरसको कारण मृत्यु भएपछि सोही उमेर समूहमा रहेका अधिकांश कामदारको मनमा चिसो पसेको छ।

दैनिक एक हजारको दरमा संक्रमित थपिएको कुवेतमा संक्रमितहरुको संख्या २० हजार नाघेको छ। यस्तो अवस्थामा महाामारीबाट कसरी बच्ने र बिरामी भएको अवस्थामा अस्पतालमा शैया समेत नपाइएलाकी भन्ने चिन्ता बढेको दाङका सर्वजित दमाईले बताए।

नेपालमा बढिरहेको संक्रमणले समेत विदेशमा रहेका उनीहरुलाई थप चिन्तित बनाएको छ। रुपन्देही समरीमाईका राजीव केवट भन्छन्, 'दुबैतिर बढेको संक्रमणले यता पहिले सिद्धिने हो की उता पहिले भन्ने चिन्ता छ।' गर्दै आएको काम तीन महिना अघिदेखि बन्द भएर घरमा पैसा पठाउन नपाएका उनलाई अहिलेसम्म कम्पनीका तर्फबाट नै खान दिएको छ। तर घरको अवस्थाले उनी चिन्तित रहेका छन्। उनल भने, 'भरथेग गर्ने कोही छैन, मेरो भन्दापनि घरको अवस्था के हुने हो भन्ने चिन्ता छ।'

## दूतावासको ....

अनुचित बासस्थानको उकुसमुकस र घर फर्किने टुंगो नभएपछि केही नेपाली कामदारहरुमा मानसिक विक्षिप्तता समेत देखिन थालेको छ।

ती कर्मचारीले भने, 'निरन्तर टेलिफोन आउँछ, टेलिफोन उठाएपछि असामान्य शैलीमा आक्रोस देखाउने र गाली गर्ने प्रवृत्ति बढेको छ। कतिपयले टोकौला नै जस्तो गरेर गाली गरिरहेका हुन्छन्। तर धैर्यताका साथ सुन्नुको विकल्प छैन। सरकारले तत्काल घर फर्काउन नसक्ने बताएपछि कामदारहरुका आक्रोस बढेको छ।'

साउदी सरकारले दिएको जानकारी अनुसार शुक्रबारसम्म १ हजार ३ सय ६४ जना नेपाली कोरोना संक्रमित छन्। संक्रमित नेपालीहरुमा राजधानी रियाद क्षेत्रमा २ सय ९९ जना, पूर्व क्षेत्रमा ६९५, कसिम क्षेत्रमा १९ जना र अन्य क्षेत्रमा ३ जना गरी रियादस्थित नेपाली दूतावासले हेर्ने क्षेत्रमा १ हजार १६ जना र महावाणिज्यदूतावास जेद्धाले हेर्ने क्षेत्रमध्ये जेद्धामा १ सय ७६, मक्का ६५, मदिना ७२, जाजान क्षेत्रमा ३३ र ताबुकमा २ जना संक्रमित भएका छन्।

संक्रमितमध्ये १७ जना महिला रहेको नेपाली दूतावासले जनाएको छ। संक्रमितमध्ये ७ जना नेपालीको निधन भएको छ। साउदी अधिकारीहरुले संक्रमणबाट निको हुने नेपालीहरुको संख्या उत्साहजनक रहेको बताएको दूतावासले जनाएको छ। तर ६८ हजारको हाराहारीमा संक्रमति रहेको साउदीमा केही दिनयता दैनिक २५ सय भन्दा नयाँ संक्रमित देखिएका छन्। नुचित बासस्थानको उकुसमुकस र घर फर्किने टुंगो नभएपछि केही नेपाली कामदारहरुमा मानसिक विक्षिप्तता समेत देखिन थालेको छ।

ती कर्मचारीले भने, 'निरन्तर टेलिफोन आउँछ, टेलिफोन उठाएपछि असामान्य शैलीमा आक्रोस देखाउने र गाली गर्ने प्रवृत्ति बढेको छ। कतिपयले टोकौला नै जस्तो गरेर गाली गरिरहेका हुन्छन्। तर धैर्यताका साथ सुन्नुको विकल्प छैन। सरकारले तत्काल घर फर्काउन नसक्ने बताएपछि कामदारहरुका आक्रोस बढेको छ।'

साउदी सरकारले दिएको जानकारी अनुसार शुक्रबारसम्म १ हजार ३ सय ६४ जना नेपाली कोरोना संक्रमित छन्। संक्रमित नेपालीहरुमा राजधानी रियाद क्षेत्रमा २ सय ९९ जना, पूर्व क्षेत्रमा ६९५, कसिम क्षेत्रमा १९ जना र अन्य क्षेत्रमा ३ जना गरी रियादस्थित नेपाली दूतावासले हेर्ने क्षेत्रमा १ हजार १६ जना र महावाणिज्यदूतावास जेद्धाले हेर्ने क्षेत्रमध्ये जेद्धामा १ सय ७६, मक्का ६५, मदिना ७२, जाजान क्षेत्रमा ३३ र ताबुकमा २ जना संक्रमित भएका छन्।

संक्रमितमध्ये १७ जना महिला रहेको नेपाली दूतावासले जनाएको छ। संक्रमितमध्ये ७ जना नेपालीको निधन भएको छ। साउदी अधिकारीहरुले संक्रमणबाट निको हुने नेपालीहरुको संख्या उत्साहजनक रहेको बताएको दूतावासले जनाएको छ। तर ६८ हजारको हाराहारीमा संक्रमति रहेको साउदीमा केही दिनयता दैनिक २५ सय भन्दा नयाँ संक्रमित देखिएका छन्।

## कतारमा...

गरेको ज्याला रक्षा प्रणालीको नियम उल्लंघन गरेको भन्दै कारबाही गरेको हो। उक्त निमम अन्तर्गत कम्पनीले कोरोना भाइरस संक्रमणको बेला काम गर्ने समय घटाउन पाउने तर तलव दिन्न भन्न नपाउने व्यवस्था रहेको छ।

कतारले कम्पनीले तलव नदिए वा दिन ढिला गरे मन्त्रालयको ९२७२७ मा अगाडी ५ र आफ्नो नम्बर हालेर म्यासेज गर्न सकिने र तलव र वासस्थानको समस्या भएमा मन्त्रालयको हट लाईन नम्बर ४०२८०६६० मा उजुरी गर्न सकिने कतारको राष्ट्रिय मानव अधिकार समितिमा रहेका नेपाली संयोजक प्रो. रमजान मियाँले जानकारी दिए। उनका अनुसार पूर्व सूचना दिएर श्रम कानून अनुसार कामदारले पाउनुपर्ने सबै हिसाव दिएर घर जाने टिकटसँगै कामदार घर फिर्ता नहुन्जेलसम्म खान र बस्न दिनुपर्ने व्यवस्था गरी कामदारसँगको करार भंग गर्न पाउने अधिकार कम्पनीलाई रहेको छ।

## नरैनापुरमा...

सङ्क्रमितलाई आइसोलेशन अस्पताल ल्याउनमा रोक लगाउँदा तथा क्वारेन्टिनमा अनावश्यक रुपमा हुलहुज्जत गर्दा समुदायस्तरमै कोरोना सङ्क्रमण दैनिक रुपमा बढिरहेको छ।

कोरोना भाइरससम्बन्धी समुदायस्तरमा गलत बुझाइ र पछिल्लो समयमा सङ्क्रमित आइसोलेशनमा बस्न अटेरी गर्दा सङ्क्रमणको जोखिम झन् बढ्दो छ। नरैनापुरका सङ्क्रमितको अटेरीका कारण उनीहरुलाई समयमै आइसोलेशनमा ल्याउन समस्या हुने गरेको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले बताए।

उनका अनुसार शुक्रबार पुष्टि भएका नरैनापुर ३ का सङ्क्रमितले आइसोलेशन कक्षमा आउन नमान्दा शुक्रबार राति १२ बजे १२ जनालाई लिइएको छ भने क्वारेन्टिनबाटै फरार एक जनालाई शनिबार मात्रै फेला पारेर ल्याउन सकिएको छ। स्वास्थ्य र सुरक्षाकर्मी तथा एम्बुलेन्स चालकले आफ्नो ज्यान जोखिममा राखेर काम गरिरहँदा नरैनापुरका सङ्क्रमित र स्थानीयवासीले सहयोग नगरेको उहाँको भनाइ छ। नरैनापुरमा मात्रै शनिबार ८७ जना सङ्क्रमित पुगेका छन्।

नरैनापुरका बासिन्दा तथा जिल्ला समन्वय समिति बाँकेका प्रमुख अजय श्रीवास्तव शिक्षा, स्वास्थ्य र सचेतनाको कमीका कारण नरैनापुरमा कोरोना सङ्क्रमण बढ्दै गएको बताउनुहुन्छ। बाँकेका प्रहरी उपरीक्षक वीरबहाद्र वलीले स्थानीयवासी र अन्य सरोकार पक्षले असहयोग गर्दा नरैनापुरबाट सङ्क्रमितलाई ल्याउन पटकपटक कठिन परिस्थिति आउने गरे पनि आफूहरुले धैर्यपूर्वक काम गरिरहेको बताउनुभयो। बाँकेमा सङ्क्रमितको सङ्ख्या ११६ पुगेको छ।

पछिल्ला दिनका कोरोना भाइरसबाट सङ्क्रमण हुनेको सङ्ख्यामा वृद्धि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार शनिबार दोस्रो पटक मात्रै कूल ३६ जना नयाँ सङ्क्रमित फेला परेका छन्।

नियमित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार सबैभन्दा धेरै बाँकेको नरैनापुरका २७ जना कोरोना सङ्क्रमित भएका छन्। योसँगै नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ५८४ पुगेको छ। मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाका अनुसार बाँकेमा २७, बैतडीमा चार, सुर्खेतमा तीन, बर्दिया र झापामा एक/एक जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। बैतडीको शिवनाथ गाउँपालिका, बर्दियाको बढैयाताल गाउँपालिका, झापाको झापा गाउँपालिकामा सङ्क्रमित भेटिएका हुन्। सुर्खेतको सुर्खेत अस्पतालमा गरिएको परीक्षणमा थप तीन जनामा सक्रमण भएको पुष्टि भएको हो।

# एकै क्यालेन्डरमा धेरै शतक बनाउने क्रिकेटरहरू



**काठमाडौं, मस-** विश्व क्रिकेटमा जति पनि कीर्तिमान बनेका छन्, ती सबै कुनै न कुनै बेला तोडिदै आएका छन् । तर अझैं पनि केहि यस्ता कीर्तिमान छन्, जुन तोडिन निकै कठिन रहेका छन् । क्रिकेटमा एकै क्यालेन्डरमा धेरै शतक बनाउने खेलाडीको सूचीमा सचिन तेन्दुलकर, विराट कोहली, राहुल द्रविड, रिकी पोन्टिङ लगाएतका सिमित खेलाडीको नाम आउने गर्छ ।

विश्व क्रिकेटमा एकै क्यालेन्डरमा १० वा त्यो भन्दा बढि शतक बनाएका खेलाडीको बारेमा जानकारी दिनेछौं ।

### राहुल द्रविड (भारत)

भारतीय क्रिकेट टिमका पूर्व कप्तान तथा भरपर्दा ब्याट्सम्यान राहुल द्रविडले एकै क्यालेन्डरमा १० शतक बनाएका छन् । उनले सन् १९९९ मा ५३ खेलमा १० शतक बनाएका हुन् । उनले सो सिजनमा कुल दुई हजार ६ सय २६ रन बनाएका थिए । जसमा उनको उच्च स्कोर एक सय ९० रन थियो भने स्ट्राइक रेट ५९ दशलमव ९४ को रहेको थियो ।

### तिलकरत्ने दिल्सान (श्रीलंका)

श्रीलंकाका पूर्व ओपनर ब्याट्सम्यान तथा विकेटकिपर तिलकरत्ने दिल्सानले सन् २००९ मा एकै क्यालेन्डरमा १० शतक बनाएका थिए । त्यो बेला उनले ४२ खेलमा दुई हजार पाँच सय ६८ रन बनाएका थिए । जसमा उनले एक सय ६२ रन बनाएका थिए । उनको एभरेज ५५.८२ तथा स्टाइकरेट ९७.६७ को रहेको थियो ।

### अरविन्द डी सिल्भा (श्रीलंका)

श्रीलंकन क्रिकेट टिमका पूर्व कप्तान तथा खेलाडी अरविन्द डी शिल्भाले सन् १९९७ मा एकै क्यालेन्डरमा १० शतक बनाएका थिए । उनले सो बर्ष ३९ खेलमा दुई हजार चार सय ३२ रन बनाएका थिए । जसमा उनको उच्च स्कोर १ सय ६८ रन बनाएको थियो । जसमा उनको स्टाइक रेट ६९.९२ रहेको थियो ।

### हसिम अमला (दक्षिण अफ्रिका)

दक्षिण अफ्रिकी ओपनर ब्याट्सम्यान हसिम अमला एकै क्यालेन्डरमा धेरै शतक बनाउने चौथो खेलाडी हुन । उनको नाममा पनि १० वटा शतक रहेका छन् । उनले सन् २०१० मा २६ खेलमा १० शतक बनाएका थिए । त्यो बर्ष उनको प्रदर्शन निकै उच्च रहेको थियो । यसका साथै उनी एकै क्यालेन्डरमा धेरै रकम बनाउने पहिलो दक्षिण अफ्रिकी खेलाडी पनि बनेका थिए । उनले त्यस बर्ष दुई हजार तीन सय सात रन बनाएका थिए । जसमा उनको उच्च स्कोर दुई सय ५३ रन रहेको छ । उनको एभरेज ७६.९० रहेको छ भने स्टाइकर रेट ६८.४७ रहेको थियो ।

### विराट कोहली (भारत)

भारतीय क्रिकेट टिमका वर्तमान कप्तान तथा विश्व क्रिकेटमा अहिलेका उत्कृष्ट खेलाडी मानिने विराट कोहलीले सन् २०१७ मा ११ वटा शतक बनाएका थिए । एकदिवसिय र टेष्ट गरेर उनले यो रेकर्ड बनाएका हुन् । कुल ४६ खेलमा दुई हजार आठ सय ५७ रन बनाए थिए । यो कुनै पनि खेलाडीले एकै क्यालेन्डरमा बनाएको सबै भन्दा धेरै रन हो । जुन रेकर्ड तोडिन केहि कठिन पनि रहेको छ । उनको उच्च स्कोर दुई सय ४३ रन रहेको छ । करिव ७७ को एभरेज रहेको कोहलीको स्टाइक रेट ९३ को थियो ।

### रिकी पोन्टिङ (अष्ट्रेलिया)


अष्ट्रेलियन क्रिकेट टिमका सफल कप्तान तथा उत्कृष्ट खेलाडीको सूचीमा पर्ने रिकी पोन्टिङले पनि एकै क्यालेन्डरमा ११ वटा शतक बनाएका थिए । उनले सन् २००३ मा ४५ खेलमा यो शतक बनाएका हुन् । जसमा उनले २६ सय ५७ रन बनाएका थिए । जसमा उच्च स्कोर दुई सय ५७ रन थियो । उनको एभरेज ६७ को रहेको थियो भने स्टाइकरेट ६८ को थियो ।

### सचिन तेन्दुलकर (भारत)

मास्टर ब्लास्टर सचिन तेन्दुलकरको नाम विश्वमा नचिन्ने कमै होलान । उनको नाममा क्रिकेटका धेरै रेकर्डहरु रहेका छन् । त्यसमा एकै क्यालेन्डरमा धेरै शतक बनाउने खेलाडीको पनि एक हो । उनले सन् १९९८ मा एकै सिजनमा १२ वटा शतक बनाएका थिए । ३९ खेलमा उनले १२ शतक बनाए । जसमा उनले त्यो बर्ष २५ सय ४१ रन बनाएका थिए । जसमा उनको उच्च स्कोर १७७ रन थियो । उनको एभेरेज ६९ को थियो भने स्टाइकर रेट ९४ को थियो ।

*–एजेन्सीको सहयोगमा*

# अमेरिकामा सबै खेलाडीको कोरोना परीक्षण अनिवार्य




**न्युयोर्क, एजेन्सी-** कोरोना भाइरसका कारण स्थगित भएको खेलकुद गतिविधीलाई अमेरीकाले यो महिनाको अन्तिमबाट सुचारु गर्ने योजना बनाएको छ । जसका लागि उसले बिदेशी खेलाडीहरु सहभागिता गर्न आएमा उनीहरुको अनिवार्य परिक्षण गर्ने बताएको छ । हाल विदेशी नागरिकलाई अमेरीका प्रवेशमा रोक लगाक्ष्एको छ । जसमा खेलाडीहरु पनि रहेका छन् । तर खेलकुद सुचारु भएपछि सरकारले नै उनीहरुको कोरोना परिक्षण गरेर मात्र प्रवेश गर्न दिने भएको छ । अहिलेको अवस्थामा अमेरिका आफ्नो खेलकूद गतिविधीलाई कसरी हुन्छ सुचारु गर्ने योजनामा रहेको छ । किनकी खेलकुद गतिविधी बन्द हुँदा त्यहाँको खेलकुद अर्थतन्त्रमा ठूलो नोक्सानी भएको छ ।

ट्रम्प सरकारले अमेरीकाको अर्थतन्त्रलाई फेरी खुल्ला गर्ने बताइसकेको छ । कोरोनाका कारण लाखौ मानिस बेरोजगार बनेका छन् । यस्तै मुख्य खेल गतिविधीहरु पनि ठप्प भएका छन् ।

अमेरीका जाने खेलाडीसँग अरु पदाधिकारी, अमेरीकामा हुने सबै लिगमा सहभागिहरुको पनि परीक्षण हुने भएको छ ।

# भारतमा अहिलेसम्मकै बढी संक्रमित



**नयाँदिल्ली, एजेन्सी-**भारतमा कोरोना भाइरसबाट पछिल्लो २४ घन्टायता अहिलेसम्मकै सबैभन्दा धेरै संक्रमित भेटिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

भारतीय सञ्चारकाअनुसार पछिल्लो २४ घण्टामा ६ हजार ६५४ जना संक्रमित भेटिएका हुन् । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएअनुसार यो सहित भारतमा कोरोना संक्रमितको कूल संख्या एक लाख २५ हजार १०१ पुगेको छ ।

त्यसैगरी भारतमा विगत २४ घण्टामा १३७ जनाको मृत्यु भएको छ । यहाँ कोरोना भाइरसबाट अहिलेसम्म ३ हजार ७२० जनाको मृत्यु भएको पनि अधिकारीहरूले जनाएका छन् । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ५१ हजार ७८४ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । हाल भारतमा ६९ हजार ५९७ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ४४ हजार ५८२ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १४ हजार ७५३ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा १३ हजार २६८ संक्रमति रहेका छन् । दिल्लीमा १२ हजार ३१९ जना कोरोना संक्रमित रहेका छन् ।

भारतमा करिब दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो । भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो । विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो ।

भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ ।


हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९९२
साउन १३ गते

स्वर्गारोहण
वि.स. २०७७
बैशाख ३० गते

स्व. कोमल कुमारी पोखरेल

यस संघको सदस्य संस्था चन्द्रमा ओभरसिज प्रा.लि.का प्रबन्ध निर्देशक श्री चेतुबाबा पोखरेलकी ममतामयी माता कोमल कुमारी पोखरेलको ८५ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८


# आर्सनलले टिकट फिर्ता गर्ने




**लण्डन, एजेन्सी-** इंग्लिस प्रिमियर लिगको क्लब आर्सनलले आफ्नो खेलका लागि यसअघि नै विक्रि भएका टिकटहरुलाई रिफन्ड अर्थात टिकटको रकम फिर्ता दिने भएको छ । प्रिमियर लिग सुचारु भएपछि आर्सनलले बाँकी रहेका १० चरणका खेलमा यसअघि नै बिक्रि भएका टिकटको मुल्य बराबरको रकम फिर्ता गर्ने बताएको छ । जारी सिजनमा आर्सनलको चार घरेलु र ६ अवे खेल बाँकी रहेका छन् । कोरोनाका कारण हाल स्थगित रहेको प्रिमियर लिग सुचारु हुँदा दर्शक विना खेलाउने तयारी भइरहेको छ ।

प्रिमियर लिगमा कुल ९२ खेल खेलाउन बाँकी रहेको छ । अब लिग सुचारु हुने अपेक्षाका साथ खेलाडीहरु प्रशिक्षणमा फर्किसकेका छन् । प्रिमियर लिगले खेलाडी, प्रशिक्षक र स्टाफको श्वास्थ्य सुरक्षाका लागि विशेष किसिमको प्रोटोकल बनाएको छ । जुन उनीहरुले पालना गर्नुपर्ने बताएको छ ।

यतिबेला सबै प्रिमियर क्लवहरु सामाजिक दूरी कायम गरेर समूहमा प्रशिक्षण गरिरहेका छन् । आर्सनलले आफ्नो समर्थक जसले यसअघि नै टिकट बुक गरेका थिए, उनीहरुको रकम फिर्ता गर्ने बताएको छ ।

# अस्ट्रेलियाले ओलम्पिकको दावी नगर्ने

**क्विन्सल्याण्डल, एजेन्सी-** अष्ट्रेलियाको क्विन्सल्याण्डले सन् २०३२ को ओलम्पिक आयोजनाको दावेदारीताको प्रक्रिया तत्कालका लागि रोक्ने भएको छ । कोरोना भाइरसका महामारीका कारण समस्या भएको भन्दै क्विन्सल्याण्डले २०३२ को ओलम्पिक आयोजनाको दावेदारीताको काम रोक्ने भएको हो । जसमा आइओसीका बरिष्ठ पदाधिकारी तथा अष्ट्रेलियन ओलम्पिक कमिटीका अध्यक्ष जोन कोट्सले पनि सपोर्ट गरेका छन् ।

शुक्रबार क्विन्सल्याण्डको सरकारले कोरोनाका कारण ओलम्पिक आयोजनाको दावेदारीताको काम अहिलेका लागि रोक्न निर्देशन दिएको थियो । जसलाई स्टेटले पनि पालना गर्ने भएको हो ।

INTERNATIONAL OLYMPIC COMMITTEE

अहिले अष्ट्रेलियन सरकार कोरोना भाइरस नियन्त्रणमा बढि केन्द्रित भएकाले ओलम्पिक आयोजनाको दावदोरीतालाई दोस्रो प्राथमिकतामा राखेको बताइएको छ । अर्को निर्देशन नहुँदासम्मका लागि यो प्रक्रिया रोकिएको छ । अष्ट्रेलियन ओलम्पिक कमिटीका प्रमुखले हालको अवस्था सबैलाई थाहा नै भएको, सरकार र सबैको ध्यान मानिसको स्वास्थ्य र समाज बचाउमा रहेकाले बिडिङको प्रक्रिया अहिलेका लागि स्थगित गरिएको बताए ।


हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. १९९२
साउन १३ गते

स्वर्गारोहण
वि.स. २०७७
बैशाख ३० गते

स्व. कोमल कुमारी पोखरेल

हाम्रा शुभेच्छुक तथा चन्द्रमा ओभरसिज प्रा.लि.का प्रबन्ध निर्देशक श्री चेतुबाबा पोखरेलकी ममतामयी माता कोमल कुमारी पोखरेलको ८५ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha Daily
दैनिक
परिवार



## लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०७७/०२/११

यस कार्यालयको मिति २०७६।११।१६ गते "राजधानि दैनिक" र मिति २०७६।१२।०७ गते "समाधान" पत्रिकामा प्रकाशित सूचना तथा अन्तिम पटक मिति २०७७।०१।३० को संशोधन सुचना अनुसार देहायका कार्यको लागि निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रहरु न्युनतम मुल्यांकीत सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले स्वीकृतीको आशयको प्रयोजनका लागि सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम (मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | LGDRM/NCB/W/01/076/77 Tsarang | Yara Ghara Khet Parkhal Nirman. | शेर्पा निर्माण सेवा प्रा.लि. पोखरा-७, कास्की | रु. ७८,१४,९५४.२१/- | |
| २ | LGDRM/NCB/W/02/076/77 Tsarang | Dhakmar Village River Protection Work. | डोल्पो कन्स्ट्रक्सन प्रा.लि., काठमाडौं | रु. ४२,२१,८२१.११/- | |
| ३ | LGDRM/NCB/W/03/076/77 Tsarang | Ghami Basic School Building Construction . | अमित बिल्डर्स, लेते-६, मुस्ताङ | रु. ७५,६४,६३३.४०/- | |
| ४ | LGDRM/NCB/W/04/076/77 Tsarang | Construction of Lo- Ghekar Damodarkunda Rural Municipality Building. | शेर्पा निर्माण सेवा प्रा.लि., पोखरा-७, कास्की | रु. ५८,५२,२१२.००/- | |

मनोहर दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

## कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनको निर्माण अन्तिम चरणमा

# असारभित्र संचालनमा ल्याउने लक्ष्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० जेठ



मकालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनअन्तर्गत म्याग्दीको दाना र पर्वतको कुश्मा खण्ड निर्माण अन्तिम चरणमा पुगेको छ।

कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि लागू गरिएको बन्दाबन्दी(लकडाउन)काबीच पनि स्वास्थ्य सुरक्षासम्बन्धी प्रावधानहरुको पूर्ण पालना गरी स्थानीय सरकार र प्रशासनसँगको समन्वय र सहयोगमा आयोजनाको निर्माण धमाधम भइरहेको छ। दाना र कुश्मास्थित खुर्कोटमा २२०/१३२ केभी सबस्टेसन निर्माणका बाँकी रहेका काम पनि जारी छ। दुवै सबस्टेसनका अधिकांश उपकरणहरु जडान भइसकेका छन्।

दाना–कुश्मा खण्ड यही असारभित्रमा संचालन (चार्ज) गर्ने लक्ष्यका साथ काम भइरहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

यही प्रसारण लाइनमा निजी क्षेत्रका लगानीकर्ताहरुले म्याग्दीमा निर्माण गरिरहेको ४२ मेगावाटको मिस्त्री खोला जलविद्युत आयोजनाको विद्युत् जोडिने छ। निर्माणको अन्तिम चरणमा रहेको मिस्त्री खोला र मुस्ताङमा संचालनमा रहेको ११.२ मेगावाटको थापा खोला जलविद्युत् आयोजनाको विद्युत् दाना सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुनेछ। अहिले थापा खोलाको विद्युत ३३ केभी लाइनमार्फत प्रवाह भइरहेको छ।

घिसिङले प्रसारण लाइन अभावमा मिस्त्री खोलाको विद्युत् खेर जाने अवस्था आउन नदिन लकडाउनमा पनि काम भइरहेको बताए। उनले भने,'वैशाखभित्रमा चार्ज गर्ने लक्ष्यका साथ काम भइरहेको थियो तर लकडाउनले निर्माण प्रभावित हुनपुग्यो, केही ठाउँमा देखिएको अवरोध खुलाएर काम सुरु गर्न म्याग्दी तथा पर्वतका प्रमुख जिल्ला अधिकारीहरु र स्थानीय तहका प्रमुखहरुको दह्रो साथ र सहयोग पाएका छौं, असारभित्र जसरी पनि चार्ज गर्ने गरी टिम खटिएको छ।'

३९ किलोमिटर दाना-कुश्मा प्रसारण लाइनअन्तर्गत १ सय १० टावरमध्ये म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पोखरीबगरमा स्थानीयको अवरोधले गर्दा १ वटा टावर मात्रै खडा गर्न बाँकी छ। केही स्थानीयले प्रसारण लाइन मुनि आफ्नो घर परेको भन्दै रुट सार्न माग गर्दै निर्माणमा अवरोध गर्दै आएका थिए। म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकाल, गाउँपालिका अध्यक्ष, वडाध्यक्षलगायतको पहलमा स्थानीयसँग छलफल गरी टावर निर्माण अगाडि बढाइएको छ। अहिले टावर खडा गर्ने काम भइरहेको र तार टांग्ने तथा सबस्टेसनको बाँकी काम सम्पन्न गरी असारभित्रमा लाइन चार्ज गरिने प्राधिकरण आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए।

म्याग्दी र पर्वतमा गरी करिब ३ किलोमिटर मात्रै तार टांग्न बाँकी रहेको आयोजना प्रमुख चन्दनकुमार घोषले जानकारी दिए। उनले लकडाउनका कारण श्रमिक अभाव हुँदा निर्माणलाई तिब्रता दिन गाह्रो भएता पनि असारभित्र जसरी पनि चार्ज गरिने बताए।

कालीगण्डकी नदी बेसिनमा निर्माण हुने जलविद्युत आयोजनाहरुको विद्युत प्रवाहका लागि नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण सुरु गरिएको हो। करिडोरको दोस्रो खण्डअन्तर्गत कुश्माबाट नवलपरासीको भुमही (न्यू बुटवल सबस्टेसन)सम्मको प्रसारण लाइनको निर्माण पनि भइरहेको छ।

## नाका सिल गर्दै तरकारी आयतमा समेत रोक

**भोजपुर/मस**-भोजपुरका सम्पूर्ण नाका सिल गर्दै बाहिरी जिल्लाबाट हुने तरकारी आयतमा समेत रोक लगाइएको छ। कोरोना भाइरसको जोखिम हुन नदिन शुक्रबार बसेको जिल्ला कमाण्ड पोष्टको बैठकले सो निर्णय गरेको हो।

सदरमुकाममा रहेका खाद्यान्न तथा तरकारी पसल बिहान ५:३० देखि ९ बजेसम्म र बेलुका ४ देखि ७ बजेसम्म मात्र खोल्ने, भोजपुर बजारलगायत अन्य स्थानीयस्तरमा लाग्ने हटिया पूर्णरूपमा बन्द गर्न लगाउने निर्णय बैठकले गरेको छ। सदरमुकाममा लाग्ने गरेको शनिबारे र बुधबारे हटिया बन्द गर्ने निर्णय भएपछि बजार क्षेत्रमा तरकारी अभाव हुने नदिन देउरालीचोकबाट नगरपालिका भवनसम्म १०-१० मिटरको दूरी कायम गरी तरकारी किनबेच गर्न पाउने व्यवस्था मिलाएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। कोभिड-१९ को जोखिम न्यूनीकरणसँगै स्थानीयस्तरमा उत्पादन भएको तरकारी खपत गराउने उद्देश्यका साथ बाहिरी जिल्लाबाट आउने तरकारी यही जेठ २० गतेसम्मलाई रोक लगाइएको प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले जानकारी दिए।

अत्यावश्यक कामले विभिन्न ठाउँबाट आएका नागरिकलाई सम्बन्धित स्थानीय तहले निर्माण गरेको क्वारेन्टिनमा १४ दिन राख्ने, भारतलगायत अन्य मुलुकबाट रोजगारी गरेर फर्केर आएकालाई प्रमुख जिल्ला अधिकारीको समन्वयमा जिल्लाको पूर्वीनाका अरुण नदीको लेगुवाघाटबाट मात्र प्रवेश गराइ केही दिन अरुण गाउँपालिकाले निर्माण गरेको होल्डिङ एरियामा राख्ने निर्णय भएको छ।

यसैगरी बैठकले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सरकारद्वारा जारी गरिएको लकडाउनलाई पूर्णरूपमा पालना गरी प्रत्येक नागरिकले मास्क लगाउने, लकडाउन उल्लङ्घन गरी मानिस ओसारपसार गर्ने सवारी साधनलाई नियन्त्रणमा लिएर सात दिनसम्म चलाउन नदिने, चालक र यात्रा गर्नेलाई १४ दिन क्वारेन्टिनमा राख्ने निर्णयसमेत गरेको छ। यातायातको माध्यमबाट तराईका जिल्लाबाट प्रमुखरूपमा जिल्ला भित्रने धनकुटा जिल्लामा कोरोना सङ्क्रमित फेला परेसँगै यहाँ उच्च सतर्कता अपनाइएको हो।

## कर्मचारी संचय कोषमार्फत अनलाईनबाट विशेष सापटी सेवा सुरु

**काठमाडौं/मस**-कर्मचारी सञ्चय कोषले कोरोना भाइरस (कोभिड १९) को कारण गत चैत्र ११ गतेदेखि नेपाल सरकारले लागु गरेको लकडाउन सँगै बन्द रहेका कोषका सेवाहरुमध्ये हाललाई विशेष सापटी सेवा २०७७ जेष्ठ ११ गतेदेखि अनलाइन मार्फत लिन सकिने गरी सञ्चालनको तयारी गरेको छ।

लकडाउनको कारण यातायात र हिडडुलमा भएको असहज अवस्थालाई मध्येनजर गर्दै घर तथा कार्यालयमै बसेर सरल, सहज र प्रभावकारी रुपमा सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप अनलाईन बिशेष सापटी सेवा शुरु गरिएको हो। हाललाई यो सेवा विशेष सापटी लिन योग्यता पुगेका र केवाईसी अपअडेट गरेका सञ्चयकर्ताहरुले प्राप्त गर्न सक्नेछन्। यसको लागि सञ्चयकर्ताहरुले कोषको वेव साइटमा गई प्राप्त निर्देशन अनुसार अनलाईन फारम भरी सो सँगै विशेष सापटीको आवेदन फारम भरी स्क्यान कपि अपलोड गरेर पठाउनुपर्ने हुन्छ। कोषले उक्त आवेदन फारमलाई रुजु गर्छ र सो गरी सकेपछी सम्बन्धित सञ्चयकर्ताको बैक खातामानै रकम जम्मा गरिदिनेछ।

कोषले कोभिड १९ को कारण हाल बन्द रहेका अन्य सेवाहरु समेत क्रमश सञ्चालनको तयारी समेत पुरा गरेको छ। लकडाउन खुकुलो हुने वित्तिकै कोषका कार्यालयहरु मार्फत सुरक्षित रुपमा कोषका अन्य सेवाहरु प्रवाह हुने गरी तयारी गरिसकिएको छ।

## दोब्बर मूल्यमा मल बिक्री गर्ने पसल 'सिल'



**भोजपुर/मस**–अनधिकृतरूपमा बेचबिखन भइरहेको रासायनिक मल 'सिल' गरिएको छ। तोकेको बजार मूल्यभन्दा दोब्बर मूल्यमा किसानलाई मल बिक्री गरेको भन्दै जिल्ला प्रशासनले गत बुधबार अरुण गाउँपालिका-६ भोर्लाबोटका स्थानीय भद्रमान भुजेलको किराना पसलमा सिल गरेको हो।

प्रतिबोरा रु ७८५ मूल्य पर्ने युरिया मल रु दुई हजारमा बेचबिखन भएको थाहा पाएपछि प्रशासनले पसल सिल गरेको हो। भुजेलको स्टोरबाट ४७ बोरा मल सिल गरिए पनि कहाँबाट आएको भन्ने खुल्न नसकेको बताइएको छ। अनधिकृत खरिद गरेर महँगोमा किसानलाई बेचेको कुरा खुलेपछि बाँकी मल जफत गरिएको प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले जानकारी दिए।

प्रहरी टोलीले अनधिकृतरूपमा ल्याइएको ६० बोरा मलमध्ये २० बोरा मल बेचिसकेकाले बाँकी मलमात्र सिल गर्न सकिएको प्रहरी चौकी जरायोटारका प्रमुख भलबहादुर राईले बताए। वास्तविक मूल्यभन्दा रु एक हजार ४०० भन्दा बढीले बेचिएको उक्त मल कहाँबाट ल्याइएको विषयमा अनुसन्धान भइरहेको उनको भनाइ छ।

हुलाकका कर्मचारीसमेत रहेका भुजेलले इन्जिनमा समस्या आएपछि रोकिएको ट्रकले मल बोकेको पाएपछि आफूले प्रतिबोरा रु एक हजार ८०० ले खरिद गरेर राखेको बताए।

## लुम्बिनी विकास बैंकका कर्मचारीको कोरोना बीमा

**काठमाडौं/मस**-लुम्बिनी विकास बैंक लिमिटेडले आफ्ना सम्पूर्ण कर्मचारीहरुको कोरोना भाइरस कोभिड १९ महामारी विरुद्धको बीमा गरेको छ। बैंकमा कार्यरत हरेक कर्मचारीहरुको स्वास्थ्यको ख्याल गर्दै प्रति कर्मचारी रु. १ लाखको कोरोना बीमा सम्बन्धी सम्झौता बैंक र एभरेष्ट इन्योरेन्स कम्पनी लिमिटेडका बीचमा भएको हो।

सम्झौता अनुसार अब बैंकमा कार्यरत कुनै पनि कर्मचारीको कोरोना भाइरस परीक्षण गर्दा पिसिआर टेस्ट पोजेटिभ पाइएमा इन्स्योरेन्स कम्पनीले तोकिए बमोजिमको रकम क्षतिपुर्ति वापत उपलब्ध गराउने छ। यो पोलिसी मिति २०७७ जेष्ठ ९ गतेदेखि लागू भई १ वर्षसम्म मान्य हुने छ। यसबाट यस बिषम परिस्थितिमा अहोरात्र खटिरहनु भएका कर्मचारीको मनोवल केहि हदसम्म भएपनि बढ्ने बैंकले बिश्वास लिएको छ। यस बिषम परिस्थितिमा सम्भव भएसम्म डिजिटल माध्यमबाट बैंकिङ्ग कारोबार गर्नुहुन आदरणीय ग्राहक महानुभावहरुमा बैंक हार्दिक अनुरोध गर्दछ।

हाल बैंकले देशभरका सातवटै प्रदेशका ६८ वटा शाखा र १६ वटा एटीएम मार्फत करिव २,५०,००० ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ।

## सिटिजन्स बैंकले गऱ्यो सबै कर्मचारीको कोभिड-१९ बीमा

Citizens Bank

**काठमाडौं/मस**–सिटिजन्स बैंक इन्टरनेसनलले आफ्ना सबै कर्मचारीहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै कोभिड –१९ बीमा गराएको छ। बैंकमा कार्यरत स्थायी, प्रशिक्षार्थी, करार, सवारी चालक, कार्यालय सहयोगी र सुरक्षा गार्ड लगायतका यगतकयगअभम कर्मचारी गरि करिव १५०० जनाको कोभिड –१९ बीमा नेपाल इन्स्योरेन्ससँगको सहकार्यमा गरिएको कुरा बैंकले जनाएको छ। बैंकमा कार्यरत कुनै पनि कर्मचारीको कोरोना भाइरस परीक्षण गर्दा पोजेटिभ पाइएमा इन्स्योरेन्स कम्पनीले तोकेबमोजिमको रकम क्षतिपूर्तिबापत उपलब्ध गराउने कुरा बीमा लेखमा उल्लेख गरिएको छ।

सामाजिक दुरीको अवाधरणालाई चैत्र महिनाबाटै प्रयोगमा ल्याएको यस बैंकले आफ्ना कर्मचारीहरुलाई मास्क, सेनिटाईजर तथा पन्जा लगायतका सुरक्षा सामाग्रीहरु उपलब्ध गराई वित्तीय सेवाहरु सावधानी पूर्वक प्रदान गरिरहेको छ। विभिन्न सावधानीका विधिहरु अवलम्बन गर्दै गर्दा पनि कुनै भवीतव्य भई आएको खण्डलाई मनन गर्दै बीमा गरिएको कुरा बैंकले जनाएको छ।

कोरोना भाइरसको रोकथामका लागि सरकारले घोषणा गरेको 'कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष' मा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेश सरकार अर्न्तगतको कोषमा रु ७ लाखका दरले रु ४९ लाख तथा विभिन्न स्थानिय निकायमा खडा गरिएको कोषमा करिव ६ लाख गरि हालसम्म कुल ५५ लाखको सहयोग गरेको छ।

विश्वका अधिकांश मुलुकहरु कोरोना भाइरस कोडिभ १९ को महामारीबाट आक्रान्त बनेको अवस्था यस बैंकले सावधानी पूर्वक आफ्ना आदरणीय ग्राहकहरुको वित्तीय आवश्यकताहरु चुस्त दुरुस्त, छिटोछरितो तवरले प्रदान गर्न हर सम्भव प्रयास गरिरहेको बैंकले जनाएको छ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरूद्धमा लड्नुपर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ। यही नै समयको माग हो।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**